नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

फोन:०८८-४००२२३
इमेल : pmamp.piu.salyan@gmail.com
वेब साइट:piusalyan.pmamp.gov.np

पत्र संख्या: २०८३।८४
चलानी नं:

### कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।

प्रथम पटक सूचना प्रकाशित मिति:२०८३।०५।०२

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वियन एकाइ,सल्यानको चालु आ.व.२०८३।०८४ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिम कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले " कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन कार्यविधि २०८२" बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/समुह/फर्महरुले तपशिल बमोजिमको कार्यक्रम संचालन गर्न सकिने बालि/बस्तुहरुको लागि आवश्यक कागजात सहित मिति २०८३।०५।२२ गते भित्र कार्यालयमा उक्त कार्यविधिको अनुसुचि -१ अनुसारको ढाँचामा आवेदन तथा अनुसुचि-२ अनुसारको कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपशिल

| कार्यक्रमको नाम | लक्षित लाभग्राही | संचालन हुने क्षेत्र | अनुदान रकम |
|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | कृषि उद्यमी वा १६ देखी ४० बर्ष उमेर समुह भित्रका युवा कृषक, | जोन लागु भएको जिल्ला (सल्यान र रुकुम पश्चिम) | प्रस्तावको कुल लागतको बढिमा ५० प्रतिशत वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने। |

<u>कार्यक्रम संचालन गर्न सकिने बालि/बस्तुहरु:</u>

१ तरकारीको व्यवसायिक उत्पादन, प्रशोधन तथा बजारिकरण,
२ तरकारीको विउ बेर्ना उत्पादन,प्रशोधन तथा भण्डारण,
३ दुग्धजन्य बस्तुको प्रशोधन तथा विविधिकरण, छुर्पि उत्पादन, भण्डारण तथा निर्यात,
४ च्याउ विउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण,
५ मासु जन्य पदार्थको भण्डारण,प्रशोधन र बजारीकरण,
६ अदुवा/बेसार र मसला बालिको प्रशोधन र बजारिकरण,
७ मौरीपालन व्यवसाय र मह प्रशोधन र बजारीकरण,
८ जौ,फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालिको उत्पादन, प्रशोधन तथा बजारीकरण,
९ प्राङ्गारिक, गड्यौले मल वा जैविक मल उत्पादन तथा बजारिकरण,
१० बागवानी नर्सरी स्थापना तथा विकास, टिस्युकल्चर प्रविधिबाट बिरुवा उत्पादन गर्ने व्यवसाय,
११ फलफुल प्रशोधन र बजारिकरण,
१२ खाद्यान्नको विउ उत्पादन तथा प्रशोधन,
१३ ग्रिन हाउसभित्र उत्पादन गरिने बालिहरुको उत्पादन, प्रशोधन र भण्डारण,
१४ साना तथा मझौला खालका कोल्ड च्याम्वर स्थापना तथा संचालन,
१५ घाँसबाट हे (Hay), साइलेज (Silage) तथा हेलेज(Haylage) उत्पादनब्यवसाय,
१६ प्राङ्गारिक कृषि बस्तु निर्यात (ब्रान्डीङ र प्याकेजिङ)
१७ व्यवसायिक पशुपन्छी, मत्स्यपालन,उत्पादन र प्रशोधन,
१८ जैविक विषादि,प्राङ्गारिक विषादि, बनस्पतिजन्य विषादि उत्पादन, प्रशोधन तथा बजारिकरण,

अनिल कुमार कालु बनिया
वरिष्ठ कृषि अधिकृत

" स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान

फोन:०८८- ४००२२७
इमेल : pmamp.piu.salyan@gmail.com
वेव साइट:piusalyan.pmamp.gov.np

पत्र संख्या: २०८३।८४
चलानी नं:

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

१ कार्यक्रम संचालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

२ नागरिकताको प्रतिलिपि

३ कार्यक्रम संचालनका लागी आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा कम्तिमा ५ वर्ष वा प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माण तथा कम्तिमा १० वर्षका लागी गरिएको सम्झौता पत्रको प्रतिलिपि)

४ उद्यम वा ब्यवसाय दर्ता भएमा सम्बन्धित कार्यक्रम कार्यान्वयन एकाइमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.ब. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धि अन्य कागजातहरु।

५ स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि।

६ कृषक समुह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समुह/सहकारी संस्थाको सिफारिस पत्र ।

पुनश्चः१ आवेदन फारामको लागि कार्यक्रम कार्यान्वयन एकाइ, सल्यान, प्राविधिक ईकाई, चौरजहारी र सम्पर्क कार्यालय सेरिगाउँ रुकुम (पश्चिम) मा सम्पर्क गर्नुहुन अनुरोध छ। साथै आवेदन फारम यस कार्यालयको आधिकारिक वेवसाइट piusalyan.pmamp.gov.np बाट पनि डाउनलोड गर्न सकिने छ।

२ गत आ.व.हरुमा सोहि प्रकृतिका अनुदान प्राप्त गरेका उद्यमी/ब्यवसायी/फर्म/सहकारीहरुलाई कार्यक्रममा सहभागी गराइने छैन। र युवा कृषक वा उद्यमीलाई प्राथमिकतामा राखि कार्यक्रम संचालन गरिनेछ।

**सम्पर्क ठेगाना**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,कार्यक्रम कार्यान्वयन एकाइ,सल्यान
फोन नं ०८८४००२२७/९८५७८२२०६२
प्राविधिक जोन एकाइ,चौरजहारी रुकुम पश्चिम फोन नं- ०८८४०१२०
सम्पर्क कार्यालय सेरिगाउँ, रुकुम पश्चिम फोन नं-०८८५९४५५०

2023/8/2
अनिल कुमार कालु बनिया
वरिष्ठ कृषि अधिकृत